

# स्थानीय सरकारको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा




नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# भित्री उत्साह सदैव वढि प्रभावकारी होला की?



# वार्षिक बजेट के हो ?

- आय र व्ययको विवरण
- दीर्घकालिन गुरूयोजना, आवधिक योजना, अनुरुप वार्षिक कार्यक्रमको प्राथमिकिकरण र लक्ष्य निर्धारण
- क्षेत्रगत बजेट विनियोजन र खर्चको सीमा निर्धारण
- करको दर र दायरा निर्धारण (No Taxation without Representation)
- स्थानीय सरकारको आर्थिक तथा सामाजिक विकास अवस्थाको चित्र प्रस्तुती ।

# स्थानीय तहको बजेट तर्जुमाका आधारहरु

- नेपालको संविधानको भाग ४ मा उल्लिखित राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरु
- नेपालको संविधानको धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली,
- नेपालको संविधानको अनुसूची ८ बमोजिमका कर लगाउन पाउने क्षेत्र,
- स्थानीय सरकार संचालन ऐन २०७४
- राजस्व परामर्श समितिको प्रतिवेदन,
- श्रोत तथा बजेट सीमा निर्धारण समितिको श्रोत र बजेट अनुमान,
- बजेटको सिद्धान्त, उद्देश्य र प्राथमिकता
- आवधिक योजना, रणनीतिक योजना, क्षेत्रगत गुरूयोजना

# बजेट तथा कार्यक्रम तर्जुमाका चरणहरु ...

| सम्पादन गर्नुपर्ने कार्य | समयावधि |
|---|---|
| 1. वित्तीय हस्तान्तरणको आधारभूत खाका र मार्गदर्शन प्राप्त | फागुन मसान्त |
| 2. स्रोत अनुमान तथा बजेट सिमा निर्धारण | फागुन मसान्त |
| 3. आगामी आर्थिक वर्षको बजेट सीमा गाउँपालिका, नगरपालिकाका विषयगत महा शाखा, शाखा तथा वडा समितिलाई उपलब्ध गराउने | चैत्र १५ भित्र |
| 4. वडास्तरबाट योजना छनौट, प्राथमिकता निर्धारण र कार्यपालिकामा पेश | |
| 5. राजश्व र व्यय -बजेट_ को अनुमान कार्यपालिकाबाट स्वीकृत | |
| 6. सभामा स्वीकृतिका लागि पेश तथा स्वीकृति | असार १० / असार मसान्त |

# चरण - १
# वित्तीय हस्तान्तरणको खाका र मार्गदर्शन प्राप्ती

- संघीय सरकार तथा प्रदेश सरकारबाट आगामी आ.व.मा स्थानीय सरकारलाई प्राप्त हुने वित्तीय हस्तान्तरणको आधारभूत खाका र मार्गदर्शन प्राप्त हुने (फागुन मसान्त)
- रा.प्राकृतिक श्रोत तथा वित्त आयोगबाट स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको सीमा प्राप्त हुने,
- जेठ १५ मा प्रस्तुत हुने केन्द्रिय बजेटबाट पश्चात संघबाट स्थानीय तहमा हस्तान्तरण भई आउने रकम एकिन हुने,
- असार १ (प्रस्तावित) मा प्रस्तुत हुने प्रादेशिक बजेटसँगै प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण भई आउने रकम एकिन हुने,
- संघ तथा प्रदेशबाट वित्तीय हस्तान्तरणसँगै थप मार्गदर्शन प्राप्त हुन सक्ने ।

# चरण - २
## श्रोत अनुमान र बजेट सीमा तथा प्राथमिकता निर्धारण

२.१ कुल श्रोतको अनुमान तथा बजेट सीमा निर्धारण गर्ने - फागुन मसान्त भित्र

२.२ आयोजनाहरुको प्राथमिकिकरणका आधार र मार्गदर्शन तयार गर्ने - फागुन मसान्त भित्र

# २.१ आन्तरिक आयको अनुमान

राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्नका लागि स्थानीय राजस्व परामर्श समिति रहनेछ ।

| | |
|---|---|
| क) उपाध्यक्ष वा उपप्रमुख | - संयोजक |
| ख) प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| ग) कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्यहरु मध्येबाट १ महिला सहित २ जना | - सदस्य |
| घ) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको गाउँ वा नगर तहको प्रमुख वा प्रतिनिधी | - सदस्य |
| ङ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ वा नगर तहको प्रमुख वा प्रतिनिधि | - सदस्य |
| छ) कार्यपालिकाको राजस्व महाशाखा/विभाग/शाखा प्रमुख | - सदस्य सचिव |

# राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार

क) राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने,

ख) राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने,

ग) राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,

घ) स्थानीय उद्योग तथा व्यापार व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीति अवलम्वन गर्न परामर्श दिने,

ङ) कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर निर्धारण सम्बन्धमा परामर्श दिने,

च) राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श दिने।

# २.२ कुल स्रोतको अनुमान तथा बजेट सीमा निर्धारण

स्थानीय तहले प्राप्त गर्न सक्ने सबै किसिमका आयको अनुमान र सो समेतका आधारमा कुल बजेट सीमा निर्धारण गर्नका लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको गठन गर्ने ।

(क) अध्यक्ष वा प्रमुख - संयोजक

(ख) उपाध्यक्ष वा उपप्रमुख - सदस्य

(ग) कार्यपालिकाका सदस्यहरू मध्ये महिला, दलित वा अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष वा प्रमुखले तोकेको चार जना - सदस्य

(घ) प्रमुख प्रशासकिय अधिकृत - सदस्य सचिव

खण्ड (ग) बमोजिम सदस्य तोक्दा अध्यक्ष वा प्रमुखले आफू सम्वद्ध राजनीतिक दल बाहेकको सदस्य समेतलाई तोक्नु पर्नेछ । तर कार्यपालिकामा अन्य राजनीतिक दलको प्रतिनिधित्व नभएको अवस्थामा यो व्यवस्था लागू हुने छैन ।

# स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको काम, कर्तव्य र अधिकार

क) आन्तरिक आय, राजस्व बाँडफाडबाट प्राप्त हुने आय, संघ/प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने,

ख) आगामी आ.व.को लागि बजेटको कुल सीमा र विषय क्षेत्रगत सीमा निर्धारण गर्ने,

ग) बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तय गर्ने,

घ) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने,

ङ) विषय क्षेत्रगत बजेट तर्जुमा सम्बन्धित मार्गदर्शन तय गर्ने ।

च) उपरोक्तानुसारको कार्य फागुन महिना भित्र सम्पन्न गरि चैत्र १५ भित्र सम्बन्धित सबै महाशाखा/विभाग/शाखा र वडालाई उपलब्ध गराउनुपर्ने ।

# विषय क्षेत्रगत बजेट सीमा निर्धारण

## (क) आर्थिक विकास

- कृषि,
- उद्योग तथा वाणिज्य,
- पर्यटन,
- सहकारी,
- वित्तीय क्षेत्र
- बाह्य क्षेत्र

## (ख) सामाजिक विकास

- शिक्षा,
- स्वास्थ्य,
- खानेपानी तथा सरसफाई,
- संस्कृति प्रवर्द्धन,
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण
- जनसंख्या व्यवस्थापन

## (ग) पूर्वाधार विकास

- सडक तथा पुल
- सिंचाई,
- भवन तथा सहरी विकास,
- संचार,
- उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत)

# विषय क्षेत्रगत बजेट सीमा निर्धारण ......

## (घ) वातावरण तथा विपद व्यवस्थापन विकास

- ❖ वन तथा भु-संरक्षण,
- ❖ जलाधार संरक्षण,
- ❖ वातावरण संरक्षण,
- ❖ जलवायु परिवर्तन,
- ❖ फोहरमैला व्यवस्थापन, **Sanitary Land Fill Sites,**
- ❖ जल उत्पन्न प्रकोप नियन्त्रण,
- ❖ विपद व्यवस्थापन, वारूण यन्त्र संचालन

## (ङ) संस्थागत विकास तथा सेवा प्रवाह

- ❖ सामान्य सेवा
- ❖ सुरक्षा व्यवस्थापन
- ❖ सूचना प्रविधि
- ❖ पञ्जिकरण व्यवस्थापन
- ❖ स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन
- ❖ सुशासन प्रवर्धन
- ❖ अनुसन्धान तथा विकास
- ❖ अन्यत्र वर्गिकरण नभएको

# योजना बनाउँदा प्राथमिकता दिनुपर्ने विषयहरु
## (स्थानीय सरकारले तय गरे बमोजिम हुने)

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,
- स्थानीय बासिन्दाहरूको सहभागीता जुट्ने,
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालबालिका तथा पिछडीएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,
- दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुग्ने
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धीमा सहयोग पुर्‍याउने

# प्राथमिकता निर्धारण

| आयोजना तथा कार्यक्रमको नाम | प्राथमिकता निर्धारणका आधारहरु (सुचकहरु) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने | आम्दानी तथा रोजगार वृद्धि गर्ने | कम लागत र बढी सहभागिता जुट्न सक्ने | लक्षित वर्ग तथा समुदायलाई प्रत्यक्ष फाइदा पुग्ने | क्रमागत एवं अधुरा रहेका, थोरै रकममा मर्मत सम्भार गरी र पुनः सञ्चालनमा ल्याउन सकिने | बढी स्थानीय सीप, साधन, प्रविधि सञ्चालन हुने | कृषि र गैर कृषि सेवा क्षेत्रका प्रतिस्पर्धात्मक तथा तुलनात्मक लाभका वस्तु तथा सेवाको उत्पादन र प्रवर्द्धन हुने | सामाजिक विकास (स्वास्थ्य शिक्षा तथा समाज कल्याण) मा सहयोग पुग्ने | दिगो तथा लैंगिक समानता र वातावरणमैत्री | वातावरण संरक्षण, प्रकोप नियन्त्रण एवं व्यवस्थापन तथा नवीकरणीय उर्जा विकासमा सहयोग पुग्ने | जम्मा स्कोर | प्राथमिकताक्रम |
| **क** | | | | | | | | | | | | |
| **ख** | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

# चरण - ३
# बस्ती/टोल स्तरबाट आयोजना/कार्यक्रम छनौट

- वडा सदस्यको संयोजनमा वडालाई बस्ती स्तरमा विभाजन,
- बालबालिका, महिला, आदिवासी/जनजाती, मधेसी, दलित, अपांग, सीमान्तकृत, पिछडावर्ग लगायत सबै समुदायको अर्थपुर्ण सहभागिताको सुनिश्चितता,
- नागरिक समाजका संस्थाहरु, महिला/आमा समुहहरु, बालक्लवहरु, स्थानीय गैर सरकारी संस्थाहरु, सहकारी संस्थाहरु, निजी क्षेत्रका संस्थाहरु जस्ता स्थानीय संघ संस्थाहरुको सक्रिय सहभागिता,
- वस्तीस्तरमा छनौट भएका आयोजना/कार्यक्रमहरुको सूची तयार गरि वडा समितिमा पेश ।

# चरण - ४
# वडा समितिबाट आयोजना/कार्यक्रम प्राथमिकिरण

- टोल/बस्तीस्तरबाट प्राप्त आयोजना/ कार्यक्रमहरुलाई विषयक्षेत्र छुट्याउने,
- आयोजनाको प्राथमिकिकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारिशः
  - आयोजना/कार्यक्रमहरुको प्राथमिकिकरण मापदण्डको आधार (Criteria) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले उपलब्ध गराउने छ ।
- गाउँ/नगरस्तरमा महत्वपुर्ण देखिएका आयोजना/ कार्यक्रमलाई समेत औचित्य खुलाई प्राथमिकिकरणको सूचीमा राखी पठाउन सकिने ।

# चरण - ५
# एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा

❖ बजेट सीमा, मार्गदर्शन तथा आयोजना प्राथमिकिकरणका आधारमा एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने,

❖ सो प्रयोजनका लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिको गठनः

| | |
|---|---|
| क) उपाध्यक्ष/उपप्रमुख | - संयोजक |
| ख) विषयगत क्षेत्र हेर्ने कार्यपालिकाका सदस्यहरु | - सदस्य |
| ग) प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| घ) योजना महाशाखा, विभाग वा शाखा प्रमुख | - सदस्य सचिव |

# बजेट तथा कार्यक्रम तर्जुमा समितिको काम, कर्तव्य र अधिकार

क) आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने,

ख) बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषय-क्षेत्रगत रुपमा छलफल गर्नेः

- विषय-क्षेत्रगत छलफलका लागि आवश्यकता अनुसार विषयगत कार्यसमूह गठन गर्न सकिने

ग) कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने र कार्यक्रमहरू बीच आपसी तादम्यता तथा परिपूरकता कायम गर्ने,

घ) बजेट सीमाभित्र रही कार्यक्रमको प्राथमिकिकरण गर्ने,

ङ) एकिकृत वार्षिक विकास कार्यक्रम तयार गरी कार्यपालिकामा पेश गर्ने ।

# विषयगत कार्यसमूहहरु

समग्रमा ५ क्षेत्रगत विभाजन तथा तत् अन्तर्गत स्थानीय आवश्यकता अनुसार विषय/क्षेत्रगत बजेट तथा कार्यक्रमको तर्जुमाका लागि बिषयगत कार्यसमूह गठनः

क) विषयगत क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य - संयोजक

ख) गाउँ/नगर सभाका कम्तिमा १/१ जना
महिला तथा दलित सदस्य सहित ३ जना - सदस्य

ग) बजेट तथा कार्यक्रम समितिले तोकेको सम्बन्धित
विषय हेर्ने विभाग/महाशाखा/शाखाका प्रमुख - सदस्य सचिव

पुनश्चः यस समितिमा सम्बन्धित विषयगत क्षेत्र अन्तर्गतका अन्य शाखा प्रमुख समेत आमन्त्रित सदस्यको रुपमा रहन सक्नेछन् ।

# चरण - ६
# कार्यपालिकाबाट स्वीकृति

- ❖ वार्षिक बजेटसँग सम्बन्धित दस्तावेजहरु कार्यपालिकाको बैठकबाट स्वीकृती:

१. स्थानीय सरकारको नीति तथा कार्यक्रम

२. आर्थिक विधेयक (आगामी वर्षको लागि प्रस्तावित राजस्व/करका दरहरु)

३. विनियोजन विधेयक (सञ्चित कोषबाट रकम झिक्ने र कार्यक्रमगत तथा शिर्षकगत खर्च सम्बन्धी)

४. बजेट वक्तव्य (गत आ.व.को यथार्थ, चालु आ.व.को संसोधित अनुमान र आगामी आ.व.को अनुमानित आय व्ययको विवरण सहित)

५. वार्षिक विकास कार्यक्रम (क्षेत्रगत रुपमा विस्तृत कार्यक्रमको सूचि तथा सोमा प्रस्तावित रकम)

- ❖ कार्यपालिकाबाट स्वीकृत भए पश्चात मात्र सभामा पेश गर्न सकिने ।

# चरण - ७
# सभाबाट स्वीकृति

- ❖ बजेट सम्बन्धी सबै दस्तावेजहरु अन्तिम स्वीकृतिका लागि सभामा पेश गर्नुपर्ने,
  - उपाध्यक्ष/उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले असार १० गते भित्र बजेट प्रस्तुत गर्ने,
  - पेश भएका दस्तावेजहरु उपर कार्यतालिका बनाई १५ दिनभित्र छलफल सम्पन्न गर्ने,
  - सभाको बहुमतले प्रत्येक दस्तावेजलाई पारित गर्ने वा सुझाव सहित कार्यपालिकामा फिर्ता पठाउन सक्ने,
  - सुझाव सहित प्राप्त भएको बजेट उपर कार्यपालिकाले पुनर्विचार गरी आवश्यक परिमार्जन सहित वा परिमार्जन गर्नु पर्ने नदेखिएमा कारणसहित सभामा ५ दिनभित्र पुनः पेश गर्नुपर्ने,
- ❖ सभाले असार मसान्त भित्र बजेट दस्तावेजहरु स्वीकृत गरी सक्नुपर्ने (पहिलो निर्वाचनबाट गठन भएको हकमा पदाधिकारीले पदबहाली गरेको २ महिनाभित्र गर्न सकिने)
- ❖ कार्यान्वयनको लागि कार्यपालिकाको कार्यालयमा पठाउने ।

# बजेट तर्जुमा सम्बन्धी थप व्यवस्था

# बजेट तर्जुमामा ध्यान दिनुपर्ने थप विषयहरु

- सर्वप्रथम तलव, भत्ता जस्ता प्रशासनिक अनिवार्य दायित्वका शिर्षकमा आवश्यक पर्ने खर्चको प्रक्षेपण गर्ने,
- तत् पश्चात कार्यालयको शिरोभार खर्च वा कार्यालय सञ्चालन खर्च तथा अन्य खर्चको लागि मापदण्ड तोकि प्रक्षेपण गर्ने,
- तालिम, कार्यक्रम, सेवा तथा सुविधा (भत्ता समेत) को मापदण्ड तयार गर्दा अर्थ मन्त्रालयवाट स्वीकृत बजेट तर्जुमा दिग्दर्शनमा तोकिएको मापदण्ड भन्दा बढी नहुने गरी तयार गर्ने,
- चालु खर्चको प्रक्षेपण पश्चात मात्र पूँजीगत खर्चको प्रक्षेपण गर्ने, यस्तो प्रक्षेपण गर्दा सवै विषयगत क्षेत्रलाई समेट्ने गरि वजेट प्रक्षेपण गर्ने,
- नेपाल सरकारवाट स्वीकृत राजस्व र खर्चका शिर्षकहरुको अनिवार्य रुपमा प्रयोग गर्नुपर्ने ।

# आ.व.२०७४/७५ मा वित्तीय समानीकरण र सशर्त अनुदानको प्रयोग

- वित्तीय समानीकरणको रकमबाट स्थानीय तहको अनिवार्य दायित्व (तलब, भत्ता) तथा कार्यालय सञ्चालन सम्बन्धी अन्य प्रशासनिक खर्चका लागि रकम विनियोजन गरेपश्चात बाँकी रकमलाई विकास कार्यक्रममा खर्च गर्न सकिनेछ ।
  - विकास आयोजनाहरुको छनौट गर्दा साविकमा केन्द्रिय आयोजनाको रुपमा निर्माणाधिन अवस्थामा रहि हाल स्थानीय तहमा हस्तान्तरण भएको क्रमागत आयोजनाहरुलाई प्राथमिकता दिनुपर्नेछ ।
- सशर्त अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र विनियोजन र खर्च गर्नुपर्नेछ ।

# साझेदारी वा संयुक्त व्यवस्थापनका विषयहरु...

गाउँ/पालिकाले आफ्नो कार्य संचालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाहको लागि देहायको विषयमा अन्य गाउँपालिका वा नगरपालिकासँग साझेदारी, सम्झौता वा संयुक्त व्यवस्था गर्न सक्ने

- वृहद पूर्वाधार निर्माण, ठूला मेसिन तथा औजार खरिद र व्यवस्थापन
- विपद् व्यवस्थापन
- यातायातको संचालन तथा व्यवस्थापन
- फोहोरमैला विसर्जन स्थल वा प्रशोधन प्रणाली
- दमकल र एम्बुलेन्स सेवाको संचालन
- वस्ती विकास र भूउपयोग योजना

# साझेदारी वा संयुक्त व्यवस्थापनका विषयहरु


- पर्यटन, प्रविधि तथा सँस्कृतीको प्रवर्धन र विकास
- आधारभूत तथा माध्यामिक तहको प्राविधिक शिक्षाको संचालन, प्रवर्धन र विकास
- स्थानीय बजार व्यवस्थापन र वातावरण संरक्षण
- अन्तरस्थानीय तह भगिनी सम्बन्ध
- असल अभ्यास र अनुभवको आदान प्रदान
- भौतिक तथा आर्थिक सहयोग
- अन्य उपयुक्त विषय

# गाउँ वा नगर विकास योजना अनुगमन तथा मूल्याङ्कन

- स्थलगत अनुगमन
- कार्ययोजना (लक्ष्य) र प्रगति विच तुलना
- नागरिक अनुगमन
- नतिजामा आधारित ढाँचा अनुसार बार्षिक समीक्षा
- प्रमुख वा अध्यक्षको अध्यक्षतामा स्थानीय विकास समस्या समाधान समिति गठन गर्नुपर्ने

# गाउँ वा नगर विकास योजना अनुगमन तथा मूल्याङ्कन

| गाउँ विकासको नतिजा श्रृखला | नतिजा मापन गर्ने सूचकहरु | | | अनुगमनका साधन तथा मापन विधि | अनुगमनको समय | अनुगमनको जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| | सूचक | आधाररेखा | लक्ष्य | | | |
| प्रभाव | | | | | | |
| असर | | | | | | |
| प्रतिफल | | | | | | |
| कार्यक्रम र आयोजना | | | | | | |



# धन्यवाद !

